नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्र
हरिहरभवन, ललितपुर

फोन नं. — ०१-५५२२२४८
०१-५४२५६१७
०१-५४२२२५८
ईमेलः info@aitc.gov.np
वेभसाइटः www.aitc.gov.np
किसान कल सेन्टर टोल फ्रि नं.१६६००१९

पत्र संख्या:०८३/८४
च.नं. 303

मितिः२०८३।०८।०७

तालिममा सहभागी हुन ईच्छुक उम्मेदवारहरुलाई दरखास्त आव्हानको सूचना

FAO को आर्थिक तथा प्राविधिक सहयोगमा पशु सेवा विभागको सहकार्यमा यस कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्रको आयोजनामा सञ्चालन हुने Field Epidemiology Training Program for Veterinarians (FETPV) तालिम कार्यक्रममा संघ, प्रदेश, स्थानीय तह र नेपाल सरकारका संगठित संस्था (विश्व विद्यालय, नेपाल कृषि अनुसन्धान परिषद्) मा कार्यरत पशु स्वास्थ्य तथा पशु सेवा तर्फका सो तालिममा सहभागी हुन ईच्छुक कम्तीमा B.V.Sc. and A.H. वा सो सरह विषयमा स्नातकोपाधि प्राप्त स्थायी अधिकृतस्तर प्राविधिक कर्मचारीहरुलाई तपसिल बमोजिमको Google Form मा मिति २०८३/०८/२१ गते दिउँसो ४ बजे भित्र दरखास्त पेश गर्नुहुन अनुरोध छ । साथै यस अघि दरखास्त पेश गरी सो तालिमको छनौटमा नपरेका ईच्छुक कर्मचारीहरुको हकमा समेत पूनः दरखास्त दिनुहुन अनुरोध छ। तालिम कार्यक्रमको अवधारणा तथा सहभागीको कार्यालयबाट आवश्यक पर्ने सिफारिसको ढाँचा यसै सूचना साथ संलग्न गरिएको र तालिम मिति यस केन्द्रबाट तय भएपश्चात अर्को सूचनामा जानकारी गराउने व्यहोरा अनुरोध छ।

तपसिलः

https://forms.gle/U6rtnVWU6Wp4JLhs6

सम्पर्क व्यक्तिः डा. संजिव पण्डित (मोबाइल नं ९८४५३२९५४२), डा. पुजा बराल (९८४५५४४६२६)

.....
राजेन्द्र कोइराला
प्रमुख

३ (तीन) महिने फिल्ड इपिडेमियोलोजी (FETPV) तालिम कार्यक्रमको अवधारणा

नेपालमा पशुपन्छीका विभिन्न प्रकारका रोगहरूको प्रकोप समय-समयमा देखिने गरेको छ। विभिन्न Endemic र Emerging संक्रामक रोगहरूको प्रकोपहरूका कारण पशुपन्छी क्षेत्रमा ठूलो आर्थिक क्षति हुने गरेको छ जसले गर्दा खाद्य सुरक्षा, खाद्य सम्प्रभुता र यस क्षेत्रमा निर्भर किसानहरूको आय-आर्जन तथा जिविकोपार्जनमा असर परिरहेको छ।

पशुपन्छीमा देखिने रोगहरू पशुपन्छीमा मात्र सिमित नहुने र यसले मानिसमा समेत असर गर्न सक्ने हुन्छ। मानिसमा देखिने करिब ६०% संक्रामक रोगहरू जुनोटिक (पशुपन्छीबाट मानिसमा सर्ने प्रकृतिका) रहेका छन् भने करिब ७५% नयाँ उदयमान भएका मानिसका संक्रामक रोगहरू पशुपन्छीमा उत्पत्ति भएको मानिन्छ। त्यसैले पनि पशुपन्छी क्षेत्रमा देखिने रोगहरूको समयमै निदान, उपचार, रोकथाम र नियन्त्रण गर्नु अतिनै महत्वपूर्ण हुन्छ। यसका लागि पशुपन्छी क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता अभिबृद्धि गर्नु अपरिहार्य हुन्छ।

भेटेरिनरी इपिडेमियोलोजीले विशेष गरी पशुपन्छीसँग सम्बन्धित रोगहरू कहाँ-कहाँ देखिएको छ, कति फैलिएको छ, के-कस्ता कारक तत्वले यसलाई फैलाउन मद्दत गरिरहेको छ र कसरी यसको रोकथाम र नियन्त्रण गर्न सकिन्छ भन्ने विषयमा वैज्ञानिक तरिकाले अध्ययन अनुसन्धान गर्दछ। यस विषयले समयमै रोगको पहिचान, रोकथाम, नियन्त्रण र उन्मुलन गर्न सहयोग पुऱ्याउँदछ। नेपालमा यस विधामा आवश्यक जनशक्ति अतिनै न्यून रहेको तथ्यलाई मध्यनजर गर्दै नेपालमा सन् २०२३ मा Epidemiological Mapping Tool (EMT) को प्रयोग गरिएको मूल्यांकनले नेपालमा फिल्ड स्तरमा कार्यरत जनशक्तिको इपिडेमियोलोजीकल क्षमता अभिबृद्धिका लागि ३ (तीन) महिने आधारभूत फिल्ड इपिडेमियोलोजी तालिम कार्यक्रमको विकास गरी शुरूवात गर्न सिफारिस गरेको थियो। सोही अनुसार खाद्य तथा कृषि संगठन (FAO)को प्राविधिक सहयोगमा पशु सेवा विभाग र कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्रको संयुक्त प्रयासमा अन्तराष्ट्रिय रूपमा मान्य र अन्य देशमा समेत संचालन गरिएका विभिन्न मोडलहरूलाई आधार बनाई तालिमको पाठ्यक्रम विकास र अनुमोदन गरी यस **FETPV** तालिमको पहिलो, दोस्रो, तेस्रो र चौथो सत्र सफलतापूर्वक सम्पन्न भईसकेको छ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्र
हरिहरभवन, ललितपुर

तालिमको मोड्युल

तीन (३) महिनाको यस **Field Epidemiology Training Program for Veterinarians (FETPV)** तालिम कार्यक्रममा तपसिल बमोजिमका ३ वटा सैद्धान्तिक मोड्युल र आफ्नै कार्यक्षेत्रमा गर्नुपर्ने २ वटा प्रयोगात्मक प्रकृतिको गृहकार्य सहितको हाईब्रिड मोडेल रहेको छ।

मोड्युल	मोड्युलको अवधि	मोड्युलको प्रकृति
पहिलो सैद्धान्तिक मोड्युल	७ दिन	Basic epidemiology and surveillance in animal health
पहिलो प्रयोगात्मक गृहकार्य	**२ हप्ता**	**आफ्नै कार्यक्षेत्रमा फर्किई गरिने गृहकार्य (Surveillance assessment field work)**
दोस्रो सैद्धान्तिक मोड्युल	८ दिन	Investigation of animal disease outbreaks (प्रत्येक प्रशिक्षार्थीबाट पहिलो गृहकार्यको प्रस्तुती समेत समावेश)
दोस्रो प्रयोगात्मक गृहकार्य	**२ महिना**	**आफ्नै कार्यक्षेत्रमा फर्किई गरिने गृहकार्य (Investigation of animal disease events/outbreak)**
तेस्रो सैद्धान्तिक मोड्युल	३ दिन	Risk assessment and one health (प्रत्येक प्रशिक्षार्थीबाट दोस्रो गृहकार्यको प्रस्तुती समेत समावेश र अन्त्यमा तालिममा सन्तोषजनक प्रस्तुती/उपलब्धि भएको खण्डमा प्रमाण-पत्र प्रदान गरिने)

तालिमको अपेक्षित उपलब्धिहरू

- स्थानिय तह, प्रदेश तथा संघिय स्तरमा नै भेटेरिनरी जनशक्ति इपिडेमियोलोजीकल क्षमताको अभिवृद्धि भई सहकार्य र समन्वयमा रोग रोकथाम र नियन्त्रणका कार्यहरू गर्न उल्लेख्य सहयोग पुग्ने
- तालिम सम्पन्न गरेका जनशक्तिबाट आफ्नो कार्यालयमा सर्भिलेन्सका तथ्याङ्कको उचित तरिकाले संकलन व्यवस्थापन, विश्लेषण तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुने
- रोग लागेको शंका भएका क्षेत्रको Outbreak Investigation गरी रोगको रोकथाम र नियन्त्रण गर्न सिफारिस गर्ने क्षमताको अभिवृद्धि गर्ने

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन्यजन्तु तथा मानव संशाधन विकास केन्द्र
हरिहरभवन, ललितपुर

कार्यालयको **Letter Pad**

मिति:

श्री कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्र,

हरिहरभवन, ललितपुर।

विषय: FETPV तालिममा सहभागिताका लागि सिफारिस सम्बन्धमा।

प्रस्तुत विषयमा Field Epidemiology Training Program for Veterinarians (FETPV) Theoretical and Practical based ३ महिने तालिम कार्यक्रममा सहभागिताका लागि यस कार्यालयमा .....पदमा कार्यरत .....लाई सिफारिस गरिएको तथा निजलाई तालिममा छनौट भएमा सो अवधिका लागि तालिममा पठाइने व्यहोरा अनुरोध छ।

.....

हस्ताक्षर

कार्यालय प्रमुखको नाम

(नोट: कार्यालय प्रमुखको हकमा सुपरिवेक्षकको सिफारिस आवश्यक)

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि सञ्चार तथा मानव संशाधन विकास केन्द्र
हरिहरभवन, ललितपुर